आज मिति २०७५ साल माघ १० गते बिहिबारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको नियमित बैठकमा तपशीलका प्रस्ताव माथि छलफल गरियो ।

## उपस्थिती

श्री कर्ण बहादुर मगर - तीनपाटन गाउँपालिका अध्यक्ष

श्री पदममाया तामाङ - उपाध्यक्ष

श्री राजन थापा- प्रमुख प्रशासकीय अधिकृत

श्री गोविन्द राउत - गाउँ सभा सदस्य

श्री हेम बहादुर श्रेष्ठ - गाउँ सभा सदस्य

श्री लाल बहादुर स्याङतान - गाउँ सभा सदस्य

श्री खड्ग बहादुर भुजेल - गाउँ सभा सदस्य

श्री दिनेश कुमार रमौली - गाउँ सभा सदस्य

श्री बीर बहादुर पुलामी - गाउँ सभा सदस्य

श्री कोमल बहादुर खपाङ्गी - गाउँ सभा सदस्य

श्री रेखराज अधिकारी - गाउँ सभा सदस्य

श्री शेर बहादुर मगर - गाउँ सभा सदस्य

श्री पुण्यहरि भुजेल - गाउँ सभा सदस्य

श्री हितलाल श्रेष्ठ - गाउँ सभा सदस्य

श्री दुध कुमारी ठकुरी - गाउँ सभा सदस्य

MAYUR
Date
Page

श्री जगदिश्वर तोलाँङ्गी - गाउँ सभा सदस्य

श्री गीतामाया थापा - गाउँ सभा सदस्य

श्री देबमाया श्रेष्ठ - गाउँ सभा सदस्य

श्री भगवती श्रेष्ठ - गाउँ सभा सदस्य

श्री टेक बहादुर परियार - गाउँ सभा सदस्य

श्री तारानाथ अधिकारी- कार्यालय सहयोगी

श्री चन्द्रिका थापा मगर- कार्यालय सहयोगी

प्रस्तावहरु:

१. कार्यालयमा दर्ता भएको पत्रहरु सम्बन्धमा ।

२. शिक्षा तर्फको सशर्त बजेट सम्बन्धमा ।

३. प्रतिक्षालय निर्माणका लागि विनियोजित बजेट कार्यान्वयन सम्बन्धमा ।

४. गणतन्त्र पार्क निर्माणका लागि विनियोजित बजेट कार्यान्वयन सम्बन्धमा ।

५. राजस्व रकम दाखिला सम्बन्धमा ।

६. एकीकृत शिविर सञ्चालन सम्बन्धमा ।

७. विविध ।

तीनपाटन गाउँ कार्यपालिका लाम्पनटार, ३ नं. प्रदेश, नेपाल २०७३

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न समयमा दर्ता भएका पत्रहरुमा यस प्रकार निर्णय गरियो।

- तीनपाटन गाउँपालिकाको ब्याकहोलोडर अपरेटर श्री लवराज लुइँटेलले मिति २०७४/१०/१० मा दर्ता गराएको पत्र (दर्ता नं. १३८९) अनुसार निजको तलबभत्ता निकै कम भएको सन्दर्भमा तलब बढाई पाउँ भनी निवेदन आएकोमा निजले खाईपाई आएको रु. १०,०००/- मा रु ५,०००/- (पाँच हजार) थप गरी मासिक रु १५,०००/- (पन्ध्र हजार) मासिक तलब यसै महिनाबाट लागू हुने गरी

निर्णय गरियो। साथै सोही एम्बुलेन्सका चालक श्री दिपक तामाङलाई प्रतिघण्टा रु २०(बीस) रुपैयाँ काम गरेको समयमा भत्ता प्रदान गर्दै आएकोमा रु. ३०/-(तीस) रुपैयाँ थप गर्दै रु ५०(पचास) रुपैयाँ प्रतिघण्टा काम गरेको समयमा यसै महिनाबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा, नेपाल सरकारबाट शिक्षाको समपूरक बजेटको विभिन्न कार्यमा कार्यान्वयनका लागि यस प्रकार सिफारिस गर्ने निर्णय गरियो।

- माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना/ स्थापना: वडा नं. ५,६,९,१०
- माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला : वडा नं. १,८,११
- पानी तथा स्वास्थ्य र सरसफाई सम्बन्धी सचेतना सञ्चालन: वडा नं. २,३,४
- कृषि विकास तर्फ नेपाल सरकारको समानुपातिक साना सिंचाई: वडा नं. ६
- शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रयोग: वडा नं. ५,६, ११

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिकाको गाउँपालिका स्तरीय आयोजनाको सि.नं. ५२ का प्रतीक्षालय निर्माण २ वटाको लागि रु. ५,००,०००/- (पाँच लाख) बजेट तिनपाटन गाउँपालिका वडा नं. ११, लाम्पन्टारको चक्मके बजार को बसपार्कमा निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिकाको चालु आ.व.मा गाउँपालिका स्तरीय बजेटमा सि.नं. ६५ मा शहीद पार्क स्थापनाका लागि रु. ५,००,०००/- (पाँच लाख) बजेट विनियोजन भएकोमा सो प्रयोजन यसै गाउँपालिकाको वडा नं. १, सिके, (जिमिरा खोला किनार) मा निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ५
प्रस्ताव नं. ५ माथि छलफल गर्दा, तिनपाटन गाउँपालिका तथा वडा कार्यालयको राजस्वलाई नियमित गर्न तुरुन्त पत्राचार गर्दै राजस्वको नगदी तिनपाटन गाउँपालिकाको नियमित बैंक खातामा हरेक महिना कम्तिमा २५ गतेको भित्र जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाले प्रवाह गर्ने सेवा सुविधा नागरिकको घरदैलो तथा टोलटोलमा पुऱ्याउने सार्वजनिक सेवा प्रवाहको मूल्य मान्यता बमोजिम नागरिकलाई स्वास्थ्य लगायत अन्य सेवा प्रवाह स्थानीय रूपमा सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय सिन्धुलीलाई समय निर्धारण तथा शिविर सञ्चालनका लागि आग्रह गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा, विविध अन्तर्गत निम्न निर्णयहरू गरियो।

- तीनपाटन गाउँपालिकाको नियमित बैठक अन्तर्गत २५ गते बस्ने बैठकमा गाउँपालिकाको प्रगति विवरण पेश गर्ने निर्णय गरियो।

- तीनपाटन गाउँपालिका अन्तर्गत ११वटै वडामा कार्यरत वडा सचिव, कार्यालय सहयोगी, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरूलाई सम्बन्धित वडाका वडाध्यक्षबाट हाजिरी प्रमाणित भएपछि मात्र तलब भत्ता निकासा दिने निर्णय गरियो।

- तीनपाटन गाउँपालिका वडा नं. २ अन्तर्गत अमर पुनस्थापनाबाट तीनपाटन गाउँपालिकाको 'घ' वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७४ अनुसार कागजात पेश भएकोले प्राप्त बमोजिम सो इजाजतपत्र दिने निर्णय गरियो।

कर्ण बहादुर नगर
गाउँपालिका अध्यक्ष

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत

- खानेपानी तथा सरसफाई मन्त्रालयको निर्णय अनुसार २ संख्याको परिपत्र बमोजिम गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति पुनर्गठन गर्नका लागि परिपत्र गरेकोले सो पत्र बमोजिम तीनपाटन गाउँपालिकाको गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिमा गाउँपालिकाको अध्यक्ष अध्यक्ष, उपाध्यक्ष उपाध्यक्ष, ११वटै वडाका वडाध्यक्षहरू पदेन सदस्य र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव हुने व्यवस्था गरियो।